नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

प.स.: २०८१/०८२
च.नं.: ४१५४

मिति २०८२/०३/०५
नेपाल संवत् ११४५

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,

विषयः कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८१।०८२, च.नं. भ्र.नि. ५२१/६७९१, मिति २०८२।०३।०३ को पत्र अवगत भएकै होला । सो सम्बन्धमा सचिव बैठक निर्णयको बुँदा नं. १० मा कर्मचारीहरुलाई असिमित अवधिसम्म कामकाज/काजमा खटाउने कार्य बन्द गर्ने, कर्मचारीलाई कामकाज/काजमा खटाउँदा निजामती सेवा ऐन, २०४९को दफा १८(क), निजामती सेवा नियमावली, २०५० को नियम ४२(क), कर्मचारी समायोजन ऐन, २०७५को दफा ९ तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५५ को दफा २१, २१क र २१ख बमोजिम भए नभएको सुनिश्चित गर्ने साथै प्रचलित ऐन तथा नियमावली विपरित हुने गरी विषयगत मन्त्रालयबाट भएको काज सरुवा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बदर गर्ने भन्ने निर्णय भएको हुँदा उक्त निर्णयको कार्यान्वयन गर्न तहाँ मन्त्रालय/आयोग/सचिवालय/कार्यालय वा अन्तर्गत उल्लिखित ऐन तथा नियमावलीमा भएको व्यवस्था विपरित कामकाज/काजमा खटाइएको भए त्यसरी कामकाज/काजमा खटाइएका कर्मचारीहरुको विवरण तपसिल बमोजिमको ढाँचामा ७ (सात) दिन भित्र यस शाखाको इमेल ठेगाना federal.emp.admin@mofaga.gov.np मा खुलाई पठाइदिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८२/०३/०५ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

| सि.नं. | कर्मचारीको संकेत नं. | कर्मचारीको नामथर | सेवा/समूह/श्रेणी | कामकाज/काजमा खटाउँदा प्रयोग भएको दफा | कामकाज/काजमा खटाइएको मिति | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(सुदिप सापकोटा)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार।